GOPAL SHRESTHA & CO.
Chartered Accountants

Devnagar, Saitha Ganesh Tole
Lalitpur-9, Tel: 5537850
249 sahayog marg, anamnager
P.o.Box.: 2043, Kathmandu
Tel: 4245925, 4247671, Fax: 4242371
E-mail: gkshrestha@wlink.com .np

कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड
पुतलीसडक, काठमाण्डौका
शेयरधनि महानुभावहरू समक्ष
लेखा परीक्षकको प्रतिवेदन

कुबेर मर्चेन्ट फाइनान्स लिमिटेडको यसै साथ संलग्न २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०६५/२०६६ को आय विवरण र नगद प्रवाह विवरणको लेखा व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरू उपर लेखा परीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायिच्व हो ।

लेखा परीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा हामीले नेपाल लेखापरीक्षण मान र प्रचलित अन्य लेखापरीक्षण मान अनुरूप लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू सारभूत रूपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखा परीक्षण योजना तयार गरी तदनुसार लेखा परीक्षण सम्पन्न गर्नु पर्दछ । बित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्ट्याई गर्नु पर्दछ । बित्तीय बिवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखा परीक्षणमा समाबेश हुन्छ । कम्पनीले अबलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखा परीक्षणमा समाबेश हुन्छ । लेखा परीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ ।

हाम्रो रायमाः

१. माग गर्दा कम्पनीले उपलब्ध गराएको हरहिसाबको विवरण सन्तोषजनक छ ।
२. कम्पनीको हिसाब किताब प्रचलित कानून तथा प्रचलन अनुसार राखेको देखिन्छ ।
३. संलग्न वासलात, नाफा नोक्सान हिसाब कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ तथा नेपाल राष्ट्र बैकको निर्देशानुसार छन् र कम्पनीले राखेको हिसाब किताब र अभिलेख संग दुरूस्त रहेका छन् ।
४. हामीलाई प्राप्त सूचना तथा उपलब्ध गराईएको जानकारीहरूको आधारमा एवं यसै साथ संलग्न लेखा सिद्धान्त तथा लेखा टिप्पणीहरू साथै अध्ययन गर्दा

क) वासलातले २०६६/३/३१ गतेको आर्थिक स्थिति
ख) नाफा नोक्सान हिसाबले २०६६/३/३१ मा समाप्त आर्थिक बर्षको कारोवारको नतीजाको र
ग) नगद प्रवाह हिसाबले २०६६/३/३१ मा समाप्त आर्थिक बर्षको नगद प्रवाहको यथार्थ तथा उचित चित्रण गर्दछ ।

५. नेपाल राष्ट्र बैंकको निर्देशानुसार कम्पनीले प्रवाह गरेको कर्जा तथा सापटमा जोखिम व्यहोर्ने कोषमा आवश्यक रकमको व्यवस्था गरेको छ ।
६. कम्पनीले आफ्नो अख्तियारी भित्र रही नेपाल राष्ट्र बैंकको निर्देशनुसार कारोबार गरेको देखिन्छ ।
७. हामीले परीक्षण गरेको हिसाब किताब तथा प्राप्त जानकारीहरूबाट

क) कम्पनीले आफ्नो कारोवार कम्पनीको तथा निक्षेपकर्ताहरूको हितलाई ध्यानमा राखेर गरेको छ ।
ख) कम्पनीका कुनै संचालक तथा कर्मचारीहरूको कानून बिपरीत वा कम्पनीलाई हानी नोक्सानी हुने कार्य गरेको देखिन आएको छैन ।
ग) कम्पनीको कारोवारहरू सन्तोषप्रद रूपमा संचालन भएको छ ।

Gopal Kumar Shrestha
Lalitpur
Chartered Accountant

गोपाल कुमार श्रेष्ठ एफ.सी.ए
चार्टर्ड एकाउण्टेण्ट

मितिः २०६६/११/१३